# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## पर्सा गाउँपालिका
## सर्लाही




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं.२४४

मिति: २०७७/३/३१

श्री अध्यक्ष ज्यू,
पर्सा गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, सर्लाही ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।०७७ मिति: २०७७।३।२५

च.नं १६७

श्री प्रमुख ज्यू,
पर्सा गाँउपालिका,
गाउँकार्यपालिकाको कार्यालय, सर्लाही ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले पर्सा गाँउपालिका, सर्लाहीको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१३ करोड ९५ लाख ९२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ३ करोड ५४ लाख ६५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४ करोड ९६ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु. ७८ लाख २३ हजार, पेश्की बाँकी रु ४ करोड ६६ लाख २९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।२।२८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ३६ (छत्तीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँपालिका कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# पर्सा गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।०७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरी र स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागीतामा आधारीत दिगो विकासको लाभ समतामुलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालीकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामुलक कार्यक्रमको माध्यमवाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु स्थानीय तहको मुख्य उदेश्य रहेको छ । प्रदेश नम्वर २ मा अवस्थित यो गाँउपालीका अर्न्तगत ६ वडा, ३४ सभा सदस्य, २३.१२ व.कि.मी.क्षेत्रफल र २१६५० जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

<table>
<tr><th colspan="3">cfotkm{</th><th colspan="3">Jootkm{</th></tr>
<tr><th>l;=g=</th><th>laa/)f</th><th>/sd</th><th>l;=g+=</th><th>ljj/)f</th><th>/sd</th></tr>
<tr><td>1</td><td>ut aif{sf] lhDd]jf/L</td><td></td><td>1</td><td></td><td></td></tr>
<tr><td></td><td>s_ gub</td><td></td><td></td><td>s_ k'+hLut vr{</td><td>77259991.42</td></tr>
<tr><td></td><td>v_ a}+s</td><td>57887411.49</td><td></td><td>v_ rfn' vr{</td><td>129829674.79</td></tr>
<tr><td></td><td>d'n vftf</td><td></td><td>2</td><td>latLo ;dflgs/)f vr{</td><td></td></tr>
<tr><td></td><td>k'+hLut vftf</td><td></td><td></td><td>s_ k'+hLut vr{</td><td></td></tr>
<tr><td></td><td>rfn' vftf</td><td></td><td></td><td>v_ rfn' vr{</td><td></td></tr>
<tr><td></td><td>w/f}^L vftf</td><td></td><td>3</td><td>cfGt/Ls /fh;\j vr{</td><td></td></tr>
<tr><td></td><td>ljkb Joj:yfkg vftf</td><td></td><td></td><td>s_ k'+hLut vr{</td><td></td></tr>
<tr><td></td><td>स्रोत पता नलागेको रकम</td><td></td><td></td><td>v_ rfn' vr{</td><td></td></tr>
<tr><td>2</td><td>/fhZj - cfGtl/s cfo _</td><td></td><td></td><td>ljlQo Joj:yf e'StfgL</td><td></td></tr>
<tr><td></td><td>s_ cfGtl/s /fhZj</td><td>3164756.68</td><td></td><td>s_ C)f e'QmfgL</td><td></td></tr>
<tr><td></td><td>gub cfGtl/s /fhZj</td><td></td><td></td><td>v_ Jofh e'QmfgL</td><td></td></tr>
<tr><td></td><td>v_ /fhZj af+*kmf+*</td><td>38962567.22</td><td></td><td>u_ cGo e'StfgL</td><td></td></tr>
<tr><td></td><td>u_ cGo cfo lh ; ;</td><td>811596</td><td>4</td><td>nufgL</td><td></td></tr>
<tr><td></td><td>#_/hL;\^|]zg z'Ns k|fKt dfnkf]t</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>3</td><td>lalQo x:tfGt/)f</td><td></td><td></td><td>s_ C)f nufgL</td><td></td></tr>
<tr><td></td><td>s_ lalQo ;dfgLs/)f cg'bfg</td><td>77500000</td><td></td><td>v_ z]o/ nufgL</td><td></td></tr>
<tr><td></td><td>v_ ;zt{ cg'bfg</td><td>67902000</td><td>5</td><td>rfn' vr{ zzt{</td><td></td></tr>
<tr><td></td><td>;fdflhs ;'/Iff</td><td></td><td></td><td>;fdflhs ;'/Iff</td><td></td></tr>
<tr><td></td><td>ax'If]lqo kf]if)f sfo{qmd</td><td></td><td></td><td>ax'If]lqo kf]if)f sfo{qmd</td><td></td></tr>
<tr><td></td><td>k|b]z tyf :yfgLo Ifdtf lasf; sfo{qmd</td><td></td><td></td><td>k|b]z tyf :yfgLo Ifdtf lasf; sfo{qmd</td><td></td></tr>
<tr><td></td><td>t/fO dw]z ;Da[lb sfo{s|fd</td><td></td><td></td><td>t/fO dw]z ;Da[lb sfo{s|fd</td><td></td></tr>
<tr><td></td><td>:yflgo k'jf{wf/ ;fem]wf/L sfo{s|d</td><td></td><td></td><td>:yflgo k'jf{wf/ ;fem]wf/L sfo{s|d</td><td></td></tr>
<tr><td></td><td>;+l#o ;/sf/jf^ x:tgfGtl/t sfo{s|d</td><td></td><td></td><td>;+l#o ;/sf/jf^ x:tgfGtl/t sfo{s|d</td><td></td></tr>
<tr><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
<tr><td></td><td>ASWA-II</td><td></td><td></td><td>ASWA-II</td><td></td></tr>
<tr><td></td><td>u_ ;dk"/s cg'bfg</td><td></td><td>5</td><td>w/f}^L lkmtf{</td><td></td></tr>
<tr><td></td><td>#_ ljz]if cg'bfg</td><td></td><td>6</td><td>ljkb Joj:yfkg sf]if vr{</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| 4 | **k\|b]z ;/sf/af^ k\|fKt cg'bfg** | | 7 | **प्रदेश सरकार** | |
| | s_ ljlQo ;dfgLs/)f cg'bfg | **2470000** | | s_ ljlQo ;dfgLs/)f cg'bfg | |
| | v_ ;z{t cg'bfg | **5000000** | | v_ ;z{t cg'bfg | |
| | u_ /fh:j af*kmf* | **1310000** | ८ | **df}Hbft** | |
| | | | | s_ gub df}Hbfg | |
| | ;f= ;' | **33456000** | | v_ a}+s df}Hbft | **85298022.09** |
| | ax'lf]qLo kf]iff)f | **1602000** | | **lgsfzf eO{ vr{ gn]vL s]Gb\| af^ k'g lkmtf{ ePsf] /sd** | **4385643.09** |
| | t/fO{ dw]z | **2500000** | | | |
| 5 | **k\|wfgdGqL** | **1707000** | | | |
| 6 | :yflgo k'af{wf/ | **2500000** | | | |
| 7 | | | | /sd lkmtf{ | |
| 10 | | | | | |
| 11 | **cGo lalaw cfo** | | | | |
| | **hDdf** | **296773331.39** | | | **296773331.39** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | उल्लेखित कारोबारको समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुंचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयले तयार गरेको आर्थिक विवरण र बैंक नगदी किताबको अन्तिम रकमलाई आधार लिइएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| **१.** | **आयब्ययको सुद्धता** | |
| १.१. | व.उ.शि.न.८०१८८५३ (शशर्त अनुदान) शिर्षकमा कोष तथा लेखानियन्त्रक कार्यालय,सलाहविाट निकासा प्रमाणित आर्थिक विवरणमा शशर्त अनुदानमा यस आ.व.२०७५/७६ मा निकासा रु ६,८८,९२,००० ।- भएकोमा एकिकृत आयब्यय विवरणमा शशर्त अनुदान तर्फ रु ६,७९,०२,०००।- मात्र निकासा आमदानी देखाएकोले फरक परेको रकम रु ९,९०,०००।- आम्दानी तर्फ लेखाङ्कन गरी आम्दानी वाध्नु पर्ने रुं. | ९,९०,००० |
| १.२. | उपलब्ध आर्थिक वर्ष २०७५/७६ को एकिकृत आय र ब्ययको विवरणको व्ययतर्फ निकासा भई खर्च नलेखि केन्द्रवाट पुन फिर्ता भएको रकम भनी रु ४३,८५,६४३।०९ व्ययतर्फ देखाइएको छ । एककृित आय व्यय बिबरणको चालु खर्च रु १२९८२९६७४।७९ मध्ये आ.ब. २०७४।०७५ को सर्सत अनुदान वापतको रकम सँघिय सँचित कोषमा फिर्ता रु ५०००७७६।७९ समाबेश भई सकेको अबस्थामा उक्त व्यय रकम के वापतको खर्च हो सो लाइ पुष्टि गर्ने खर्चका कागजात पेश नभएकोले उक्त रकम खर्च लेख्न मिल्ने नदेखिएकोले उत्त व्यय तर्फ देखाइएको खर्च समावेश नहुदा खर्च देखाइए वरावर रकम वैक मौज्दात वढ्नु पर्ने देखिएको रु. | ४३,८५,६४३।०९ |
| १.३. | **धरौटी** यस गाउँपालिकाले धरौटीको आर्थिक विवरण तयार गरी धरौटीको श्रेस्ता खडा गरेको पाइएन र एकिकृत आयव्ययको विवरणमा धरौटी आम्दानी खर्च र वाँकी देखाएको छैन । खाता नं.०२९०३०००००००००३०००१३ मा मिति २०७५ श्रावण १ देखि २०७६।३।३१ सम्मको धरौटी आम्दानी रु २४,८१,९५५।- फिर्ता खर्च १६,८४,८४३।४५ र वाँकी मौज्दात रु ७९७१११।५५ देखाइएकोमा स्रेस्ता खडा गरी लेखापरीक्षणको लागी पेश हुनु पर्ने रु........ | २४,८१,९५५ |
| **२.** | **बैंक हिसाबः** गाँउपालिकाको सेस्ता खाता हिसाब र बैंक हिसाब रकम मासिक रुपमा एक अपासमा भिडाई हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको यस वर्षको आम्दनी रु. २९,६७,७३,३३१।३९ र खर्च रु.२०,७०,८९,६६५ ।- बैंक मौज्दात रु. ८,५२,९८,०२२।०९ बाँकी रहेको छ । गाँउपालिकालले हिसाब मिलान तयार नगरेकोले निम्नानुसार फरक पर्नाको कारण पहिचान | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>गरी हिसाब मिलान गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार मौज्दात</th><th>बैंक अनुसार मौज्दात</th><th>घटि/बढी मौज्दात</th></tr>
<tr><td>१</td><td>स्थानिय संचितकोष खाता</td><td rowspan="4">८,५२,९८,०२२।०९</td><td>७३३९४७०३.७३</td><td rowspan="4">३,९०,१८,९१५।३८</td></tr>
<tr><td>२</td><td>पुजिगत खाता</td><td>२७९८३८५७.५४</td></tr>
<tr><td>३</td><td>चालु खर्च खाता</td><td>२२९३८३७६.०२</td></tr>
<tr><td>४</td><td>धरौटि खर्च खाता</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२,४३,१६,९३७.४७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३.</td><td><u>संघिय संचितकोष फिर्ताः</u> संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. २०७४/०७५ च.न. १०६४ मिति २०७५/०३/३१ को पत्रानुसार सशर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेको रकम संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले खर्च नभइ बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज गर्नुपर्नेमा लेखापरिक्षण अवधि सम्म संघिय संचित कोषमा दाखिला नभएकोले उक्त रकम सिघ्र दाखिला हुनु पर्ने रु. ......</td><td>२,६९,६१,८६८।४३</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.न.</th><th>व.उ.सि.न.</th><th>कार्यक्रमको नाम</th><th>निकासा रकम</th><th>खर्च रकम</th><th>बाँकी मौज्दात</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>३७११०८४</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td>१७०७०००</td><td>३००४८५.५९</td><td>१४०६५१४.५१</td><td></td></tr>
<tr><td>२</td><td>८०१८८५३</td><td>सशर्त अनुदान</td><td>६८८९२०००</td><td>४३४८६६४६.१८</td><td>२५४०५३५३.८२</td><td></td></tr>
<tr><td>३</td><td></td><td>प्रदेश सशर्त अनुदान</td><td>५००००००</td><td>४८५००००</td><td>१५००००</td><td>प्रदेश संचित कोष दाखिला गर्नुपर्ने</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२६९,६१,८६८।४३</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.</td><td><u>स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमः</u> गो.भौ.नं.- १ मिति २०७६/३/२५ मा गाँउपालिका क्षेत्रमा कृषि विधुतिकरण कार्य गर्नको लागी लागत अनुमान, सम्झौता, प्राविधिक मूल्यांकन, नापि किताब, कार्य सम्पन्न प्रतिवेदन वेगर पेश्की समेत कायम नगरी सोझै खर्च रु. २५०००००/-लेखी नेपाल विधुत प्राधिकरण लाई भुक्तानी दिएकोमा लेखापरीक्षण हुदा उक्त चेक नसाटिएको भन्ने जवाफ प्राप्त भएकोले उक्त रकम संघिय संचित कोष दाखिला हुनुपर्ने रु.......</td><td>२५,००,०००/-</td></tr>
<tr><td>५.</td><td><u>अग्रिम कर कट्टिः</u> आयकर ऐन २०५८ को दफा ८८, ८९ अनुसार भुक्तानि रकममा अग्रीम कर कट्टि गर्नुपर्ने प्रावधान रहेको छ । यस गाँउपालिकाले अग्रीम कर कट्टा गरी भुक्तानी दिएकोमा उक्त कर रकम संचितकोष दाखिला नभएकोले गाँउपालिकाले एकिन गरी संघिय संचितकोष तथा स्थानिय संचित कोषमा दाखिला भएको बैंक भौचर पेश हुनु पर्ने रु. ...........</td><td>१०,९४,०३७।१४</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>व.उ.शि.न.</th><th>कर कट्टि रकम</th></tr>
<tr><td>१.</td><td>तराई मधेश समृद्दि कार्यक्रम</td><td>४३२३५.२९</td></tr>
<tr><td>२.</td><td>प्रदेश सशर्त अनुदान</td><td>६६२६७.०९</td></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | \| ३. \| वितिय समानिकरण \| ९८४५३४.७६ \|<br>\| \| जम्मा \| १०९४०३७.१४ \| | |
| ६. | **आन्तरिक लेखापरीक्षण:** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ ले स्थानिय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले आन्तरिक लेखापरीक्षण गराई प्रतिबेदन प्राप्त गरेको देखिएन । कार्यालयले ऐनमा भएको व्यवस्थाको पालना गरि अन्तिम लेखापरीक्षण पूर्व आन्तरिक लेखापरीक्षण गराई सो मा देखिएका कैफियतमा सुधार गरि आर्थिक कारोबारको प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणको लागि वित्तीय प्रतिबेदन र सो संग सम्बन्धित आन्तरिक लेखापरीक्षण प्रतिबेदन पेश गर्नु पर्नेमा कार्यालयले आन्तरिक लेखापरीक्षण पाईएन । यसवाट आन्तरिक नियन्त्रण कमजोर देखिएकोले सम्बद्ध पक्षले यसमा ध्यान पुरयाउन आवस्यक देखियो । | |
| ७. | **सफ्टबेयरको प्रयोग:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाँउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सो अनुसार सफ्टवयेर प्रयोग गरेको देखिएन । तोकिएको सफ्टवयेर प्रयोगमा ध्यान दिनु पर्दछ । | |
| | **कानूनको परिपालना** | |
| ८. | **लेखा स्रेस्ता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गगर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी खर्च यकिन नगरेको आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता व्यस्थीत नराखेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको, सम्बन्धीत बिलभरपाईहरु श्रेस्तासाथ नराखी अलग्गै राख्ने गरेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको , बैक नगदी किताब जोडजम्मा गर्ने नगरेको, जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन । | |
| ९. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधभारमा यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।<br>• मासिक र वार्षिक प्रतिवेदन तयार गरेको छैन,<br>• बैंक समायोजन विवरण तयार गरेको छैन,<br>• कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन, | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | • आन्तरीक नियन्त्रण प्रणाली तयार नगरेको<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ ।<br>• नियमबिपरित उपभोक्ता समितिलाई अघिल्लो आ.बमा सँचालन गरिएको उल्लेख गरि योजनाको भुक्तानी गरेको<br>• सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,<br>• योजना कार्यान्वियन तालिका निर्माण गरेको छैन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,<br>• आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• करको दायरा पहिचान भएको छैन,<br>• उपभोक्ता समितिसँग गरिएको सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नभएको तथा केही रनिङ बिलको रकममात्र यस बर्ष भुक्तानी भएको ले योजना अधुरो रहने गरेको छ,<br>• योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,<br>• योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको कन्टिन्जेन्सीको खचंको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन,<br>• फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,<br>• जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>• कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिएको देखियो<br>• राजस्वको श्रोतको पहिचान गरेको छैन ,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>• राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन ।<br>• राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत नराखेको | |
| १०. | **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्न योगदानमा आधारित उपादान, औषधिउपचार, कर्मचारी कल्याण कोष लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम ल्याएको देखिएन । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ । | |
| ११. | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमति नदिएको गाँउपालिकाले पेश गरेको विवरणबाट देखिन्छ । गाँउपालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| १२. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १३. | **स्थानीय तथ्याङ्क र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १४. | **बार्षिक लक्ष प्रगति :-** गाँउपालिकाले तोकिएअनुसारको लक्ष्य अुनसार प्रगति हासील गर्नुपर्दछ । गाँउपालिकाले तोकिएको ढाँचामा लक्ष प्रगति तयार नगरेकोले लक्ष प्रगति बारे बिष्लेशण गर्न सकिएन । | |
| १५. | **जनशक्ती व्यबस्थापन** : गाँउपालिकामा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । प्राप्त बिबरण अनुसार १७ दरबन्दी स्वीकृत भएको मध्ये ६ पदपुर्ति भई ११ रिक्त रहेको देखियो ।<br>कार्यालयमा कायम दरबन्दीमा कर्मचारीहरुको पद रिक्त रहेकोले, कार्यचाप, ढिलासुस्ति तथा कार्यमा गुणस्तरियता हुन नसक्ने र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ । | |
| १६. | **सेवा प्रबाह सम्बन्धी बिबरण :-** लेखापरीक्षणको क्रममा उपलब्ध गराएको सेवा प्रबाह सम्बन्धी बिबरणमा नागरिकताको सिफारीस घरबाटो सिफारीस नाता प्रमाणीत , जन्मदर्ता तथा मृत्युदर्ता र अन्य बिबरण माग भएकोमा गाँउपालिकाले ९८० नागरिकता सिफारीस, २८५ घरबाटो सिफारीस, १२३ नाता प्रमाणीत तथा १२०० जन्म मृत्यु दर्ता गरिएको जनाएको छ । गाँउपालिकाको योजना , निति निर्माण तथा बिकासको लागी आबश्यक बिबरणहरुको अद्याबधिक अभिलेख गरि सेवा प्रबाहमा गुणस्तरीयता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १७. | **चौमासिक खर्च सन्तुलन** : स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार तोकिएबमोजिम चौमासिक रुपमा कार्यक्रम/क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयसँग चौमासिक रुपमा गरिएको खर्चको बिबरण माग गर्दा पेश हुन आएन । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमाा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सँचालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ । | |
| १८. | **खरिद कार्य व्यवस्थापन :-** म.ले.प फा.नं ४०२ अनुसार कार्यालयले खरिद आदेश अनुसार अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराएर मात्र खरिद कार्य गर्नूपर्नेमा सो अनुरुप खरिद कार्य नगरि केबल बिल भरपाई सँलग्न गरि खरिद कार्य गरेकोले खरिद कार्य व्यबस्थीत देखिएन । नियमकानूनको परिपालना गरेर मात्र खरिद कार्यको व्यबस्थापनमा ध्यान दिनुपर्दछ । | |
| | **बित्तिय समानिकरण पुँजिगत** | |
| १९. | **ठेक्का बन्दोबस्त :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनु पर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ: | |

| कार्यक्रमको नाम | ठेक्का सम्झौता | | | (रकम रु.हजारमा) | | यस वर्ष सम्पन्न |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिनाको मात्र | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td><table>
<tr><th></th><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th></tr>
<tr><td>बिभिन्न</td><td>७</td><td>९६००</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>७</td><td>९६००</td><td>७</td><td>९६००</td></tr>
</table>
पालिकाबाट यस वर्ष रु. ९६ लाखको ७ वटा खरिद सम्झौता भएकोमा सबै सम्झौता असार महिनौ भएको पाईयो ।पहिलो चौमासिक भित्र ठेक्का व्यबस्थापन हुन नसकेको कारण आर्थिक बर्षभित्र कार्य सम्पन्न हुन नसकेको देखिन्छ। समयमै ठेक्का बन्दोबस्त सम्बन्धी कार्य सम्पन्न गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२०.</td><td>स्थलगत निरीक्षणः- गाँउपालिकाले यस वर्ष सबै निर्माण कार्य उपभोक्तासमितबाट गराएको छ । यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४को दफा ७८(३) अनुसार गाँउपालिकाको अध्यक्ष, प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ। सो अनुसार गाँउपालिकाले योजनाहरु वडा अध्यक्षबाट र सो भन्दा माथिको योजनाहरु गाँउपालिकाको उपाध्यक्षको संयोजकत्वमा अनुगमन गरी सम्पन्न निर्माण कार्यको भुक्तानीका लागि सिफारिस गर्ने गरेको छ । अनुगमन पश्चात दिएको प्रतिबेदनमा निर्माण कार्यको बिस्तृत बिबरणमा उल्लेख नहुँदा तथा सम्बन्धीत योजनाको कार्यान्वयनको पुष्ट्याई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी सुधारको निर्देशन लगायतका बिबरणहरु नदेखिनाले बास्तबिक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सँचालन तथा सम्पन्न भएको तथा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन । अनुगमनको लागी प्रत्येक योजनाहरुको छुट्टाछुट्टै प्रतिबेदन सँलग्न नगरि एउटै Templete तयार गरि सोही अनुसार योजनाको नाम भर्ने र कार्य अत्यन्त सन्तोषजनक छ भनि उल्लेख गर्ने गरेको पाईयो । योजनाको सम्बन्धमा धारण सुधारका उपाय लगायको बिबरणहरु सँलग्न गर्ने गरेको पाईएन । अतः ऐन कानुनले व्यबस्था गरे अनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>२१.</td><td>कन्टिन्जेन्सी खर्च : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। गाँउपालिकाबाट कन्टेन्जेन्सी खर्चको बिबरण तोकएको ढाँचामा पेश हुन आएन। तसर्थ नियम कानुनको परिधीभित्र रहि खर्च लेखेको सम्बन्धमा स्पष्ट हुने आधार भएन।</td><td></td></tr>
<tr><td>२२.</td><td>नापी किताब प्रबिष्टी एवं अभिलेख : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। गाँउपालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ।<br>गाँउपालिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भावना रहेन देखिन्छ। तसर्थ नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याइनुपर्दछ।</td><td></td></tr>
<tr><td>२३.</td><td>आयोजना हस्तान्तरण : सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले यस बर्ष सँचालन भएका कुनै पनि योजनाहरु उचित तबर उपभोक्तालाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिसँगको छलफल , योजना सम्पन्न पश्चातको प्रतिकृया , आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको छलफल सहित अपनत्व कायम हुने गरि सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरि सम्पन्न भएका आयोजनहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ । | |
| २४. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| २५. | **लक्ष प्रगति** : आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम २५ अनुसार बजेट तथा कार्यक्रम गर्ने प्रत्येक कार्यालयले अनुसुची २ को ढाँचामा चौमासिक प्रगति बिबरण तयार गर्नुपर्ने र नियम २६ बमोजीम तालुक निकायले त्यस्तो भौतिक तथा बित्तिय प्रगतिको समिक्षा गरि प्रगति कम हुनुका कारण पहिचान गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपरोक्त व्यबस्था अनुसार आफुले गरेको बार्षिक कार्यक्रमको प्रगति बिबरण तयार गरेको देखिएन । प्रगति बिबरण तयार नभएबाट समग्र कामको मूल्याँकन हुन सक्ने देखिएन । नियमाबलीको व्यबस्था अनुसार प्रगति बिबरण तयार गरि सम्पन्न कामको मूल्याँकन गर्ने व्यबस्था गर्नुपर्ने देखिन्छ । | |
| २६. | **डोर हाजिरः** गाँउपालिकाले तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । गाँउपालिकासँग भएको सम्भौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम व्यबस्थित गरि खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । यसबाट सम्पन्न निर्माण कार्यमा भएको जिन्सी सामानको खपत तथा कामदारको विवरण अनुसार निर्माण खर्च बिश्लेषण गर्न सक्ने अवस्था देखिएन । सम्बन्धीत कामदारले नै डोरहाजीरिमा हाजिर नगरि केबल हा,हा उल्लेख भएको तथा डोरहाजीरी फारम समेत प्रमाणीत नभएकोले नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ ।प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलब्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ । | |
| २७. | **मेसिनको प्रयोगः-** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण बा सँचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राबिधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालीकाले केही ग्राभेल तथा सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । तर प्राबिधिकबाट मेसिनरि प्रयोगको लागी सिफारीस को प्रमाण श्रेस्तासाथ सँलग्न भएको देखिएन ।त्यसमा | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>गाँउपालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.१.</td><td>मेसिन भाडामा अनेकता:- एउटा जिल्ला भित्र प्रयोग हुने डोजरको भाडा जिल्ला दररेट अनुसार हुनु पर्दछ ॥ आ.ब २०७५।०७६ को जिल्ला दररेटमा डोजरको भाडा प्रतिघण्टा रु२०००।- रहेको उल्लेख छ । गाँउपालिकाले डोजरको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र जिल्ला दररेटलाई आधार लिई तयार गरेतापनि एउटै निर्माण व्यवसायीबाट उपभोक्ताले काम गराउदा समेत फरक फरक दरमा सम्झौता गरेको देखियो । पालीकाले डोजर भाडामा एकरुपता ल्याउन आबश्यक निर्णय गरि उपभोक्ताले मनोमानि भाडा सम्झौता गरि काम गरेको देखाई बिल पेश गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । फरक फरक दरमा सम्झौता गरि काम गराएका उदाहरण यस प्रकार छन :<br>
<table>
<tr><th>भौ.न मिति</th><th>निर्माण व्यवसायी</th><th>योजना</th><th>डोजर भाडा दर</th></tr>
<tr><td>३२-०७६/१/२७</td><td>माहि एण्ड कुसुम कन्टक्सन महोत्तरी</td><td>सरसफाई सँरचना कुलो मर्मत कार्य</td><td>२०००</td></tr>
<tr><td>१५-०७६/११/२६</td><td>माहि एण्ड कुसुम कन्टक्सन महोत्तरी</td><td>सेक्टर बाध मर्मत</td><td>२४००</td></tr>
<tr><td>४६-०७६/२/१०</td><td>माहि एण्ड कुसुम कन्टक्सन महोत्तरी</td><td>चिरान मिल देखी कबिलासी टोल हुँदै सडक मर्मत</td><td>१५००</td></tr>
<tr><td>७०-०७६/३/२०</td><td>माहि एण्ड कुसुम कन्टक्सन महोत्तरी</td><td>कौशलको घरदेखी दशगजासम्म कृषि सडक निर्माण</td><td>२४००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८.</td><td>सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाई :- स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना भएको छ भन्न सकिएन । ऐन को व्यबस्था कार्यान्वयन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>उपभोक्तासँग सम्झौता:-सार्बजनिक खरिद नियमाबली २०६४ को ९७उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ । त्यस्तो सम्झौतामा देहायको कुराहरू उल्लेख गर्नु पर्नेछ:निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोंने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि हुनुपर्ने उल्लेख छ । गाँउपालीकाले उपभोक्ता समितिसँगको योजनाको बिलभरपाई राखि खर्च लेख्दा सम्झौता उपभोक्ता समिति गठनको लागी प्रस्ताब आब्हान तथा सुचना, निबेदन, सदस्यहरुको सँयोजन , सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, गाँउपालीको बजेट तथा उपभोत्ता समितिको जनश्रमदानको समेत उल्लेख गरि राख्नुपर्दछ । गाँउपालिकाको उक्त योजनाहरुको फाईल व्यबस्थित गरि नराखेको तथा उपभोक्ता समितिको गठनको लागी सुचना आब्हान, समितिको छनौट हुने आधार लागतयका बिबरणहरु श्रेस्तासाथ सँलग्न नगरेकोले व्यबस्थीत अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>वार्षिक खरिद योजना/ गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गांउपालिकाले वित्तीय समानीकरण अन्तर्गत वार्षिक रु. ७७२५९९९१।२५ को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३१. | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यबस्था भएकोमा गाँउपालिकाले यस वर्ष सँचालन गरेको कार्यहरुको लगत व्यबस्थित रुपमा तयार गरि जिम्मेबार पदाधिकारीबाट प्रमाणीत गरि राख्ने गरेको छैन । गाँउपालिकाले गत बर्षको योजनाको यस बर्ष भुक्तानी गर्ने गरेको, यस बर्षको केही योजनाको रनिङ बिल मात्र यस बर्ष भुक्तानी गरेको र बाँकी भुक्तानी नगरेको अबस्था , तथा कार्यसम्पन्न भएको योजनाहरुको पनि बिभिन्न मितिमा रनिङ बिल मार्फत भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्दा अघिल्लो आर्थिक बर्ष वा बिलमा कति भुक्तानी भयो सोको बिबरण खुल्ने गरि लगत तयार गरि वास्तबिक रुपमा भुत्तानी हुने रकम मात्र भुत्तानी गर्नुपर्दछ । गाँउपालिकाले योजना निर्माण कार्यको लगत तयार गर्ने गरेको छैन । यसरी बिबरण तयार नगरि भुत्तानी गर्दा दोहोरो भुत्तानी हुने , परिमाण दोहोरिन पुग्ने लगायतको जोखिम हुने देखिन्छ । योजनाको लागत अनुमान, उपभोत्ताको श्रमदान प्रतिशत, लागत बिष्लेशण , भुक्तानी भएका रनिङ बिलहरुको बिबरण, भुक्तानी भएको मिति सहितको गोश्बारा भौचर सहित छुट्टै फाईल खडा गरि योजनाको बिबरण अद्यावधिक गरि राख्नु अति जरुरी देखिन्छ । | |
| ३२. | **मालसामानको मर्मत तथा सँभार खर्च** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ (१)मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नु पर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम (५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले मर्मत सँभार बापतको खर्च लेख्दा मर्मत आदेश बेगर लेख्ने गरेकोले नियमाबलीको परीपालना भएन ।नियमाबलीको परिपालनमा ध्यान दिनुपर्दछ । | |
| ३३. | **वजेट पारित :-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने मा सोही अनुसार तोकिएको मितिभित्र गाँउसभा भएको छ । | |
| ३४. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभगग्रही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभगग्रही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| ३५. | **खर्च अनुमोदन –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएका र विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ३६. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन । | |
| ३७. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले सम्झौता गरेका योजना तथा आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट सम्झौता तथा खरिद गरिएका योजना तथा ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा योजना तथा सामानको गुणस्तर परीक्षण गरी खर्च भौचर साथ राख्नुपर्ने देखिन्छ । | |
| ३८. | **वजेट तथा कार्यक्रम तर्जूमाः-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ ।गाउँपालिका कार्यक्रमको दोहोरोपना हुन नदिन आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यबस्था गरेको देखिएन । | |
| ३९. | **योजनाहरुको सिफारिस र भुक्तानी प्रकृयाः-** स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा (क) मा अध्यक्ष वा प्रमुखको काम कर्तव्य र अधिकार तथा दफा ८४(२) मा प्रमुख प्रशासकिय अधिकृतको काम कर्तव्य र अधिकारको व्यबस्था र ८४(२) को बुँदा नं ट मा प्रमुख प्रशासकीय अधिकृतकले सार्बजनिक खरिद योजना तयार गरि खरिद सम्बन्धी कार्य गर्ने गराउने व्यबस्था छ । जसअनुसार योजना सम्झौता भुक्तानी सिफारिस प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्नेमा गाँउपालिकाको अध्यक्षको तोकआदेशमा योजनाहरुको भुक्तानी हुने गरेको पाईयो । ऐन कानुनको परिधिभित्र रही काम कर्तव्य र अधिकारको व्याख्या अनुरुप कार्य गर्नु गराउनुपर्दछ । | |
| ४०. | **अधुरो योजनाहरुको निर्माण तथा कार्यसम्पन्न :-** गाँउपालिकाले कनै पनि निर्माण कार्य गर्दा परिमाण, लागत लगायतको कुरा बिष्लेशण गरि खर्च लेख्नुपर्दछ । पालिकाले यस बर्ष धेरै सँरचनाहरुको अधुरो निर्माण कार्य उल्लेख गरि कार्य गरेको छ । अधुरा योजनाहरु पुरा गर्दा उक्त सँरचना पहिले कुन निकायबाट गरिएको र कति परिमाण गरिएको थियो ,निर्माण कार्य सुरु गर्नुभन्दा अघि सो निकायबाट कार्य गरेको योजना छनौट अघि सम्मको कार्यसम्पन्न , नापी किताब लगायतका बिबरणहरु सँलग्न गर्नुपर्दछ ।सो प्रमाण सँलग्न नगरि कार्य गर्दा पहिले गरिएका कार्यहरु पनि दोहोरीन सक्ने लगायतको जोखिम हुने भएकोले सो को अघिल्लो कार्यसम्पन्न प्रतिबेदन , नापी किताब सँलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । पालिकाले सँचालन गरेका केही आयोजनाहरु परिक्षण गर्दा अघिल्लो निकायबाट(तत्कालीन जिल्ला बिकास समिति लगायत) पहिले नै पुरा गरिएका भुई तला मा झ्याल ढोका नराखेको , फ्रेम स्टक्चर मात्र भएको भबनको निर्माण कार्य गरेको, प्लाष्टरिङ कार्य पुरा गरेको तथा अन्य केही कार्य गर्न बाँकी उल्लेख गरि उपभोत्ता समितिसँग सम्झौता गरि भुक्तानी गरेको पाईयो । लेखापरीक्षणका क्रममा उक्त कार्यहरुको अघिल्लो निकायबाट गरिएको नापी तथा कार्यसम्पन्न मुल्याँकनहरु सँलग्न नगरि अधुरो उल्लेख गरि उपभोक्ता समितिसँग सम्झौता गरि भुक्तानी गरेको पाईयो । जसबाट लागत अनुमान अनुसारकै कार्य सम्झौता अुनसार भएको छ भनि यकिन गर्ने आधार भएन । अधुरो निर्माण कार्य गर्दा ओभरल्याप नभएको भनि विश्वस्त बनाउने प्रमाणकागजात सँलग्न गरेर मात्र लागत अनुमान , सम्झौता तथा कार्य गर्नु गराउनुपर्दछ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४१. | **न्यून बजेटका योजना छनौट :** आर्थिक वर्ष २०७५।७६ मा बसेको गाँउसभाको बैठकले बजेट कार्यक्रम स्वीकृत गर्दा आर्थिक वर्षभित्र कार्यान्वयन हुनसक्ने र आयोजना कार्यान्वयनबाट उच्च प्रतिफल प्राप्त हुने किसिमले आयोजना छनौट गर्नुपर्नेमा गाँउपालिकाले बजेट छर्ने किसिमले रु.५० हजार देखि माथिकाका योजनाहरु छनौट गरेको देखियो । छनोट गरिएका योजनामध्ये धेरै योजना माटो पुर्ने तथा ग्राभोलको कार्य अन्तर्गत रहेको छ । यसरी साना आयोजना छनौट गर्ने र प्रत्येक वर्ष एउटै आयोजनालाई थोरै थोरै बजेट दिनेगरी आयोजना छनौट गर्ने गर्दा अधिकांस आयोजना पूर्णरुपमा सम्पन्न नहुने, सम्पन्न भएका आयोजना समेत प्रतिफलविहीन हुने देखिदा साना आयोजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ४२. | **लागत अनुमान र दर बिष्लेषण** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । गाँउपालिकाले सँचालन र भुक्तानी गरेका आ.ब. २०७४।०७५ र २०७५।०७६ को सम्झौताको दर बिष्लेषण माग गर्दा सम्बन्धीत प्राबिधिक तथा दर बिष्लेषणको आधार उपलब्ध हुन सकेन । तसर्थ गाँउपालिकाले सम्झौता गरि भुक्तानी गरेको दररेट नै बास्तबिक हो भनि यकिन गर्ने आधार भएन । गाँउपालिकाले सम्झौता तथा भुक्तानी गरेका योजनाहरुको केही आईटमहरुको दररेट देहाय अनुसार रहेका छन :- | |

| आईटम | ईकाई | दर |
|---|---|---|
| E/W filling in filling with mannual compaction | cum | ४९६.५१ |
| flat brick soling | cum | ७६६.२० |
| 1st class brick work (1:4) | cum | १२३२९.५१ |
| pcc work 1:2;4 | cum | १२५९२.६६ |
| formwork for casting concrete both sides | cum | ७२३.७१ |
| soft wood joint filler @ 5 m | nos | ७२३.७१ |
| porcelin glazed tiles in 1:4 cement sand mortar | sqm | ३२०७.०२ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४२.१. | गाँउपालिकाले उपभोक्ता समितिसँग सम्झौता गरि निर्माण कार्यको बिल भरपाई पेश गर्दा रनिङ बिल अनुसार बिल भरपाईहरु समाबेश गर्नुपर्नेमा यति ट्याकर रोडा ,ढुँगा, बालुबा खरिद, लेबर डोरहाजिरी फारम तथा सामान खरिदको बिल सँलग्न गरि बिल भरपाई पेश हुने गरेको पाईयो । यसरी एकमुष्ठ रुपमा बिल भरपाई पेश गर्दा बास्तबिक दर बिष्लेषण अनुसार बिल भरपाई पेश भयो भनि यकिन गर्ने आधार भएन तथा सम्बन्धीत प्राबिधिकले श्रम तथा सामाग्रीको परिणाम बिष्लेषण अनुसार नै बिल भरपाई पेश भएको छ , छैन यकिन गरेको देखिएन । गाँउपालिकाले लागत अनुमान तयार गरि निर्माण कार्य गराउदा कामको परिमाण अनुसारको बिल भरपाईहरु बास्तबिक रुपमा पेश भए नभएको यकिन गर्नुपर्दछ । | |
| ४३. | **सोझै खरिदः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो मौज्दात समेत बिचार गरि वार्षिक खरिद योजना बनाई खरिद कार्य गर्नुपर्नेमा सोको पालना गरेको छैन । कार्यालयले यस वर्ष आबश्यक पर्नै बिबिध सामानहरु खरिदमा बोलपत्र, सिलबन्दि दरभाउ पत्र तथा प्याकेज तयार गरि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने देखिएकोमा सोझै खरिद विधिबाट खरिद गरि भुक्तानी गरेको देखियो । एकै पटक खरिद गरी प्रतिस्पर्धात्मक मूल्यमा वस्तु प्राप्त गरीनूपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर पटक पटक सामान खरिद हुदाँ गुणस्तरिय र प्रतिस्पर्धी मूल्यमा सामान प्राप्त भयो भन्न सक्ने अवस्था नरहने हुँदा कार्यालयले कानुन अनुसारको खरिद विधिको पालना गनुपर्नै देखिन्छ । | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| भौ.नं मिति | बिबरण | खरिद मिति | खरिद रकम | आपुर्तक |
|---|---|---|---|---|
| १-०७५/७/१२ | औषधि खरिद | ०७५/७/१२ | ४९९२०० | सुनिता मेडिसिन डिस्टिव्युटर्स काठमाडौ |
| २-०७५/८/१० | औषधि खरिद | ०७५/८/१० | ४९९१७१ | निसा फार्मेसि मलँगजा |
| ४-०७५/९/१९ | मेसिनरी औजार | ०७५/८/२१ | १५१९८५ | लक्ष्मी ई मलँगवा |
| ६क-०७५/१०/२७ | औषधि खरिद | | ५००००० | सुस्मा आर्युबेद |
| | औषधि खरिद | | ५००००० | प्रकृति आर्युबेद सप्लायर्स |
| १६-०७५/१२/१८ | फर्निचर खरिद | ०७५/११/१२ | ५७९०६३ | रौनक सप्लाायर्स मलंगवा |
| १७-०७५/१२/१८ | मेसिनरी औजार | १ँ०७५/११/१९ | २०२६६५ | मुस्कान सप्लयर्स मलंगवा |
| २६-०७५/११/५ | फर्निचर | ०७५/११/९ | ४७१४२५ | ओम टेर्डस |
| २८-०७६/१/१५ | मेसिनरी औजार , फर्निचर | ०७६/१/५ | ४९७०३० | अर्चना टेर्डस मलंगवा |
| ३७-०७६/१/३१ | फर्निचर | ०७६/१/१५ | ४८०७८६.७३ | सृजना सप्लयार्स मलँगबा |
| ९२-०७५/३/२५ | फर्निचर | ०७६/३/१५ | १६८१५५ | जनक नन्दनी ई जनकपुर |
| ९३-०७५/३/२५ | फर्निचर | ०७६/३/१७ | ७४९९६.४७ | रौनक सप्लायर्स मलँगबा |
| ९४-०७५/३/२५ | मेसिनरी औजार | ०७६/२/१ | ११८१४१ | एस के स्टोर्स मलँगबा |
| ९५-०७५/३/२५ | मेसिनरी औजार | ०७६/३/८ | ९६०७८ | एक के स्टोर्स मलँगबा |
| ९६-०७५/३/२५ | मेसिनरी औजार | ०७६/३/२० | ३१६४०० | जनक नन्दनी ई मलंगवा |
| ९७-०७५/३/२५ | मेसिनरी औजार | ०७६/३/१३ | ४९५००० | गौरव एग्रो कन्सर्न |
| ९९-०७५/३/२५ | मेसिनरी औजार | ०७६/२/१२ | ४४००० | लक्ष्मी ईन्टरप्राईजेज सर्लाही |
| | | जम्मा | ५६९४०९६.२ | |

४३.१. बित्तिय समानिकरण चालुतर्फ सोझै खरिद

| गो.भो.नं.मिति | विबरण | सप्लायर्सको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ४२/०७५-१२-१८ | कार्यालय समान | हिमालयन सप्लायर्स | ४६८१९८.५५ |
| ५१/०७५-१२-२४ | कार्यालय समान | दुर्गा भवानी सप्लायर्स | ४९९४६०.०० |
| ५२/०७५-१२-२४ | कार्यालय समान | एस.आर.के. सप्लायर्स | ४७४६००.०० |
| ६३/०७६-१-२७ | छपाई | ग्लोबल स्टेशनरी | ४९१७७६.०० |
| ६७/०७६-१-३१ | छपाई | राम जानकी इन्टरप्राइजेज | ४९९६८६.०० |
| ७०/०७६-२-०१ | कार्यालय समान | राजन जेनरल सप्लायर्स | ४९३३२९.०० |
| ८०/०७६-२-१२ | छपाई | शुभ लक्ष्मी स्टेशनरी स्टोर्स | २७७१४३.८० |
| ९७/०७६-३-२० | छपाई | दुर्गा ट्रेड लिंक | ४९८३३०.०० |
| | | जम्मा | ३७०२५२३.३५ |

४४. **ठेक्का प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा र (२) मा प्रतिस्पर्धा सिमित हुने गरी काम गर्न नहुने उल्लेख छ। गाँउपालिकाले यो बर्ष अधिकाँश कार्य उपभोत्ता समितिबाट गराएको छ। गाउँपालिकाले पत्रिकामा सूचना गरी यो वर्ष शिलबन्दी दरभाउपत्र एवं वोलपत्र गरेका ५ ठेक्का मध्ये ठेक्कामा लागत अनुमान र वोलपत्र दाताको कवोल अङ्क एक प्रतिशत भन्दा कम फरक रहेको देखियो। यसबाट खरिद कार्य मितव्ययी नदेखिनुका साथै पर्याप्त प्रतिस्पर्धा भएको छ भन्न सक्ने आधार पर्याप्त प्रतिस्पर्धा भएमा खरिद एवं निर्माण कार्य मितव्ययी हुन सक्ने हुँदा सबै निर्माण प्याकेज तयार गरि E-bidding समेत गरी थप प्रतिस्पर्धाको वातावरण भिडान गर्नुपर्ने देखिन्छ। लागत अनुमान वरावरकै वोल अङ्कमा ठेक्का स्वीकृत भई कार्य गराएको स्थिति यस प्रकार छ :

| योजनाको नाम | बडा नं | लागत अनुमान | सम्झौता रकम | लागत अनुमानको तुलनामा घटी प्रतिशत |
|---|---|---|---|---|
| जितेन्द्र रायको घरदेखी पि.सि.सि ढलाना | ३ | १२७७४९६ | १२७२६१४ | ०.३८ |
| रामसारोगथको घरहुँदे सडक ढलान | ३ | १२७७४९६ | १२७२६१४ | ०.३८ |
| झरी चौधरीको घरहुँदै सडक ढलान | ३ | १२७७४९६ | १२७२६१४ | ०.३८ |
| बनी शाहको घरदेखी सडक ढलान | ३ | १२७७४९६ | १२७२६१४ | ०.३८ |
| मन्सरी चोकदेखी सडक ढलान | ३ | १२७७४९६ | १२७२६१४ | ०.३८ |

४५. **अग्रिम आयकर तथा बहाल कर कट्टी नगरेको :** आयकर ऐन २०५८ को दफा ८८तथा ८९ अनुसार उपभोक्ता समितिवाट संझौता गरी गराईएका निम्न कार्यमा उपभोक्ता समितीले गरेको भुक्तानीमा कट्टा हुनु पर्ने अग्रिम कर कार्यालय तथा उपभोक्ता समिति कुनै एक वाट पनि कट्टा भई दाखिला भएको

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

नदेखिएकोले उक्त रकम असुल भई दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु ७५,३३४/-

| भौन. मिति | योजनाको नाम | सँलग्न कर बिजक | कर रकम | कैफियत |
|---|---|---|---|---|
| ११-०७५/११/१० | पाकर योक हुँदै कबिलासी सडक मर्मत | ६१३८०० | ४७५२ | डोजर भाडमा कर कट्टि नगरेको |
| २२-०७६/१/१० | सिबक जगदजवा बडा नं को अधुरा `सडक ढलान | ५११७४० | ७६७६ | भ्याट बिजकमा कर कटिट नगरेको |
| २३-०७६/१/१० | गुलसने बडदाद मदरशा छत निर्माण | २४५१७२ | ३६७७ | |
| ३९-०७६/२/८ | ह्याण्ड पाईप जडान | ३३६४९२ | ५०४७ | |
| ५७-०७६/३/२० | असर्फि बिनको घरदेखी उमेस रायको घरसम्म सडक ढलान | १८१५०० | २७७६ | |
| ७१-०७६/३/२० | श्मसानघाटमा धर्मशाला निर्माण | ४२३५०८ | ६३५२ | |
| ८६-०७६/३/२५ | कबिलासी महारानी देखी थाकर चोकसम्म ढलान | २४२५००० | ३६३७५ | |
| ३२-०७६/१/२७ | मँगलस्थान देखी धरारसम्म सडक निर्माृण | ५७८५५० | ८६७९ | भ्याट बिलको डोजर भाडामा अग्रम कर कट्टि नगरेको |
| | | जम्मा | ७५,३३४/- | |

४६. **मर्मत खर्चको भुक्तानीः-** गाँउपालिकाले मर्मत, निर्माण बापतको रकम खर्च लेख्दा प्राबिधिक ईस्टीमेट, मुल्याँकन लगायतको बिबरण सँलग्न गरेर  मात्र खर्च लेख्नुपर्दछ । निम्नानुसार बिभिन्न ठाउमा बाटो मर्मत गरेको भनि बिभिन्न व्यक्तिहरुले माग गरेको निवेदनको आधारमा अनुगमन बेगर नै रकम खर्च लेखेको छ । यसरी लेखेको खर्च तथा श्रोतको सदुपयोग भएको छ भनि यकिन गर्ने आधार भएन । गाँउपालिकाले स्थलगत अनुगमन समेत गरि यदी आबश्यक देखिएमा मात्र भुक्तानी गर्नुपर्नैमा केवल  काम गरेको भनि निबेदनकले दिएको पत्र मात्रको आधारमा भुक्तानी गरेको छ । तसर्थ अनुगमन मुल्याकन बेगर लेखेको खर्चमा नियन्त्रण गनुपर्ने देखिएको रु ८९,९३०/-

| भौ.न. मिति | निबेदक | निबेदनको बिषय बिबरण | बडा नं | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५-०७५/१०/११ | देबेन्द्र शाह | बुढा नदी देखी बोडर सम्म माटो पुरेको | ३ | ३१८५० | डोरहाजीरि सँलग्न |
| २०-०७५/१२/२१ | बिजय कु राय | माटो`पुर्ने कार्य गरेको | ३ | १००८० | माटो खरिदको भरपाई सँलग्न |
| २०क | रामबाबु राउत | माटो पुर्ने कार्य गरेको | १ | ४८००० | माटो खरिद र डोरहाजीरी सँलग्न |
| | | | | ८९९३०/- | |

४७. **रितपुर्बकको श्रेस्ता :-** आर्थिक कार्यबिधि नियमाबली २०६४ अनुसार खर्च लेख्दा सिलसिलेबार रुपमा गोश्बारा भौचर उठाई प्रमाणीत गरि खर्चको श्रेस्ता राख्नुपर्दछ । गाँउपालिकाले निम्नानुसारको खर्च लैख्दा खर्चको भरपाई तथा गोश्बारा भौचर प्रमाणीत नगरि राखेकाले प्रमाण पेश गर्नुपर्नै रु १,०३,९३,३८८/-

| ब.उ.शी.नं | भोनं | खर्च बिवरण | खर्च रकम |
|---|---|---|---|
| बित्तिय समानिकरण पुँजिगत | ६-०७५/१०/१४ | नयाँ हाईबेको कल्भर्ट देखि पुरानो हुलाकी सडक जोड्ने कार्यको उपभोक्ता समितिलाई भुक्तानी | ३८८००० |
| बित्तिय समानिकरण पुँजिगत | ९-०७५/११/० | सखुवा गाछीनेर पक्की कल्भर्ट निर्माण | ७७६००० |
| बित्तिय समानिकरण पुँजिगत | १०-०७५/११/१ | बिरेन्दर रायको घरदेखी जगरुप रायको घरसम्म सडक ढलान | ९७०००० |
| बित्तिय समानिकरण पुँजिगत | ११-०७५/११/१० | पकर चौकी हुँदै कबिलासी चौकीसम्म सकड मर्मत | ४८५००० |
| शशर्त शिक्षा | १-०७५/६/१८ | बालबिकास कर्मचारी प्रथम चौमासिक निकाशा | २१०००० |
| शशर्त शिक्षा | २-०७५/६/१८ | राहत शिक्षक कर्मचारी प्रथम चौमासिक निकाशा | १४०३९५० |
| शशर्त शिक्षा | ३-०७५/६/१८ | बिद्यालय सहायक , सहयोगी कर्मचारी प्रथम चौमासिक निकाशा | ३४०००० |
| शशर्त शिक्षा | ४-०७७५/६/१८ | बिद्यालय शिक्षक प्रथम चौमासिक निकाशा | ५८२०४३८ |
| | | जम्मा | १,०३,९३,३८८/- |

४८. **योजनो स्थान तथा चेनेजहरु नखुलाई नापीमा प्रबिष्ट गर्ने कार्य गरेको :-** सार्बजनिक खरिद

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | नियमाबली २०६४ को नियम ९७(३) मा उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौतामा नियमाबलीमा व्यबस्था भएबमोजिम कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउँदा योजना सँचालन हुनुपर्नै स्थान, चेनेज लगायतको विवरण सहित लागत अनुमानको तयारी, सम्झौता तथा नापी सँलग्न गरि कार्य गर्नुपर्नेमा एकमुष्ठ रुपमा योजनाको नाम सँलग्न गरि चेनेज नखुलाई नापी तयार गरि भुक्तानी गर्ने गरेको पाईयो । यसरी निर्माण कार्यको चेनेज नखुलाई कार्य गर्दा दोहोरो परिमाणमा भुक्तानी हुने, गुणस्तरीयता कायम नहुने लगायतका समस्या उत्पन्न हुन सक्ने भएकोले स्पष्ट स्थान तथा चेनज तोकेर मात्र कार्य गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ । पालिकाले  सडक ग्राभेल ढलान लगायतको निर्माण  कार्यमा  सुरु स्थानलाई चेनेज तोकी कुनै खण्ड पुरा नभएमा सो खण्डमा कार्य नभएको (Quantity null) समेत देखाउने गरि सम्झौता अनुसार कुल परिमाणको कार्य भए नभएको यकिन गरि नापी किताबमा स्पष्ट प्रबिस्ट गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४९. | **गतबर्षको योजनाहरुको भुक्तानीः–** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ को नियम ९७ को उपनियम ३ (क) अनुसार उपभोक्ता समितिले सम्झौतामा  निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि लगायतका कुराहरु उल्लेख गर्नुपर्ने  तथा  नियमाबलीको दफा १२ मा खरिद सम्झौताको अबधि ऐनको दफा ५६ बमोजिम थप गर्न सकिने व्यबस्था छ जसअनुसार ठेक्का प्रकृयाबाट सम्झौता भएका योजनामा मात्र म्याद थप गर्न मिल्ने देखिन्छ । गाँउपालिकाले यसबर्ष आ.ब २०७५।०७६ को योजनाहरुको सम्झौता तथा सँचालन गरि भुक्तानी गर्नुपर्नेमा आ.ब. २०७४।०७५ को केही योजनाहरुको यस आ.ब.मा  भुक्तानी गरेको पाईयो ।  उक्त योजनाहरुको भुक्तानीसाथ सम्झौता तथा सम्पन्न गर्नुपर्ने अबधि सँलग्न  नगरि तथा कार्यसम्पन्न प्रतिबेदनमा समेत मिति उल्लेख नगरि भुक्तानी गरको पाईयो । उपभोक्ता समितिबाट सँचालन हुने योजनाहरु समयमै सम्झौता गरि सम्पन्न गनुपर्नेमा गत आर्थिक बर्ष  (२०७४।०७५) को अन्तमा आएर सम्झौता भएका योजनाहरुमा ७ दिनको म्याद दिएर मात्र दिएर सम्झौता गरिएको पाईयो । यसरी न्युन समयाबधी दिएर योजना सम्झौता गर्ने तथा अर्को आ.ब.मा ( २०७५।०७६) आएर भुक्तानी दिने पक्षलाई जिम्मेबार बनाउनुपर्दछ । योजनागत लगत नराखी गतबर्षको भुक्तानी गर्दा एकातर्फ दोहोरो भुक्तानी हुनसक्ने देखिन्छ भने अर्कोतर्फ सम्बन्धीत आ.ब.को स्विकृत कार्यक्रम अनुसार भुक्तानी हुनपर्ने  बजेट अभाब हुने देखिन्छ । यसरी गत आर्थिक बर्षमै सम्झौता अनुसार सम्पन्न गर्नुपर्नै योजनाहरुको भुक्तानी यस आ.ब.मा कार्यसम्पन्नको मिति समेत उल्लेख नगरि भुक्तानी गरेको नियमसम्मत देखिएन । | |

| भौ.नं मिति | योजनाको नाम | बडा नं | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | लागत अनुमान | यस आ.ब.को रनिङ बिल | यस आ.ब.को भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ६-०७५/१०१५ | नयाँ हाईबेको कर्ल्भट देखि पुरानो हुलाकी सडक जोड्ने कार्यको उपभोक्ता समितिलाई भुक्तानी | १ | २०७५/२/४ | २०७५/३/१५ | ४३७८५१ | ४३८०८९.३३ | ३८८००० |
| ८-०७५/११/१० | कृषि सडक निर्माण | २ | २०७४/१२/२० | २०७५/३/१५ | नखुलेको | ५८९२४२ | ४८५००० |
| ९-०७५/११/०१ | सखुवा गाछीनेर पक्की कल्भर्ट निर्माण | ४ | २०७४/१२/१० | २०७५/३/१५ | ८६४८४५ | ८६५८५७ | ७७६००० |
| १०-०७५/११/१ | बिरेन्दर रायको घरदेखी जगरुप रायको घरसम्म सडक ढलान | ६ | २०७५/२/७ | २०७५/३/१५ | १०८२१४४ | १०८२७२४ | ९७०००० |
| ११-०७५/११/१० | पकर चौकी हुँदै कबिलासी चौकीसम्म सकड मर्मत | ४ | २०७५/२/४ | २०७५/३/१५ | ५४५९४७ | ५५६३५५ | ४८५००० |
| १२-०७५/११/२६ | महारानी स्थानमा माटा`पुर्ने कार्य | १ | २०७५/१/३१ | २०७५/३/१५ | २२७७०९ | २४०४७३ | १९४००० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३-०७५/११/२६ | रामजानकी बजारमा बाटा `पुनें कार्य | ४ | २०७५/१/३० | २०७५/३/१५ | २८५७२५ | ३०७९४९ | २५२२०० |
| १४-०७५/११/२६ | गा.पा अधुरो भबन निर्माण | ४ | २०७५/११/३० | २०७५/३/१५ | १०९५९१२ | १०९७४६० | ९७०००० |
| | | | | | | जम्मा | ४५,२०,२००/- |

**५०.** **माटो ग्राभेल खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले सम्झौता वमोजिम काम सम्पन्न गरी भुक्तानीको लागि पेश गर्दा प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गरी सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष भएको पूँजीगत खर्च रु ७७२५९९१।४२ .करोड मध्ये अधिकाँश कार्यहरुमा उपभोक्ता समितिमार्फत माटो पटान एवं ग्राभेल सडक र केही मात्रामा सडक ढलान निर्माणमा खर्च भएको छ । उक्त निर्माणको भुक्तानी गर्दा लागत अनुमान, नापी किताव र कार्यसम्पन्न प्रतिवेदनको साथमा पेश भएका बिल भरपाइ परीक्षण गर्दा बालुवा गिट्टी , माटो तथा ग्राभेल खरिदको विल प्यान, भ्याटमा दर्ता भएको नभई सेतो कागज मा यति ट्याक्टर माटो ,ग्राभेल, बालुबा, गिट्टी उपलव्ध गराए वापत यति रकम बुझिलिएं उल्लेख गरि फरक फरक दरको भरपाई सँलग्न हुने गरेको देखियो । यसरी खरिदको भरपाई सँलग्न गर्दा ढुबानी तथा खरिदको छुट्टै बिल सँलग्न गरी ढुवानी कर कट्टि गरेता पनि मु.अ.करमा दर्ता भएका आपुर्तकसँग आबश्यक बस्तु खरिद गर्ने व्यबस्था गर्नुपर्दछ । यस सम्बन्धमा गाँउपालिकाका पदाधीकारी कर्मचारी तथा सम्बन्धीत सरोकारबाला बाट अनुगमन हुनुपर्दछ । उपभोक्ताले सो वापतको रकम भुक्तानी गर्दा चेक मार्फत गर्ने गरेको देखिदैन । साथै खरिदको बिल बढि रकमको तथा ढुवानी भाडाबापतको कम बिलको पेश गर्ने गरेको देखियो यस्तो अवस्थामा निर्माण सामाग्री खरिदमा नियन्त्रण भएको भन्न सक्ने आधार भएन । अतः आधिकारिक सप्लायर्सबाट विजक मार्फत निर्माण सामाग्री खरिद गर्ने र चेक मार्फत भुक्तानी गर्ने र सो खरिदको अनुगमन गर्ने परिपाटी बसाली खर्चमा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरणहरुः-

| भौ.नं मिति | योजनाको नाम | बडा नं | खरिद बिबरण | परिमाण (टिप) | खरिद दर |
|---|---|---|---|---|---|
| १०-०७५/११/०१ | बिरेन्द्र रायको घरदेखी जगरु रायको घरसम्म सडक ढलान | ६ | माटो | ६५ | ६०० |
| | | | बालुवा | २५ | ३५०० |
| १४-०७६५/११/२६ | गा.पा.को अधुरो भवन निर्माण | ४ | माटो | ७२ | ८०० |
| | | | गिट्टी | ७ | ४५०० |
| | | | बालुबा | ११ | ३५०० |
| ३६ क ०७६/११/२९ | प्रा.बि कम्पाउण्डबाल निर्माण उ.स | ४ | माटो | ४९८ | ४०० |
| | | | गिट्टी | २ | ४५०० |
| | | | बालुबा | ११ | ३५०० |
| ४४-०७६/२/१० | रामसेवक शाहको घरदेखी मुल सडक ढलान | ६ | माटो | ३० | ६०० |
| | | | गिट्टी | १५ | ४५०० |
| | | | बालुबा | १२ | ३५०० |
| ५७-०७६/३/२० | असर्फि शाहको घरदेखी उमेश रायको घरसम्म सडक डलान | ४ | माटो | २९ | ३५०० |
| | | | गिट्टी | ३२ | ४५०० |
| | | | बालुबा | ३२ | ३५०० |

**५१.** **बिल भरपाईः-** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६(३ बमोजिम खर्च लेख्दा रित पुगे नपुगेको चेकजाँच गरेर मात्र भुक्तानी दिनपर्ने व्यबस्था छ ।

**५१.१.** **बढि भुक्तानी :-** गो. भा.नं ८१।०७६।३।२५ बाट रामसेबकको घरदेखी मँगलस्थानसम्म सडक निर्माण कार्यको लागी उपभोक्ता समितिलाई रनिङ बिल अनुसार रु ३३९५०० भुक्तानी दिनुपर्नेमा रु ३९९५००।- भुक्तानी गरेकोले बढि भुक्तानाी असुल गर्नुपर्ने रु — ६०,०००/-

**५१.२.** **बढि दरले भुक्तानीः-** १३।०७५।११।२६ रामजानकी बजारमा माटो पुर्ने कार्य अन्तर्गत उपभोत्ता समितिलाइ लागत अनुमानमा आईटम नं ४ site filling work को लागी रु ४७०।५२ भएकोमा रु ४९६।५१ ले भुक्तानी भएकोले बढि भुक्तानी दर २५.९९ ले ६१६।२० घ.मीको असुल गरि दाखिल गर्नुपर्ने रु — १६०१५/-

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ५१.३. | निम्नानुसारको कार्यमा बिल भरपाई तथा प्रमाण कागजात सँलग्न नगरि खर्च लेखेकोले आबश्यक प्रमाण पेश हुनुपर्ने रु | १,५४,६३,२९०/८२ |

| भौ.नं मिति | खर्च बिबरण | कैफियत | खर्च रकम |
|---|---|---|---|
| १४-०७५/११/२७ | अधुरो गा.पा भबन निर्माण | रु १०९५९१२ कार्यसम्पन्न प्रतिबेदन सँलग्न गरि भुक्तानी गरेकोमा ६९२४३४ को मात्र बिल भरपाई पेश भएकोले अपुग बिल भरपाई पेश गर्नुपर्नै रु | ४०३४७८ |
| ३०-०७६/१/२६ | बाईक एसोसिरीज सामान खरिद | खरिद आदेश माग फारम दाखिला लगायतको बिबरण सँलग्न नभएको, केबल खर्चको बिल सँलग्न | १४००० |
| ३४-०७६/१/२९ | खेलकुद सामाग्री बितरण | कुन प्रयोजनको लागी खर्च तथा खरिद भयो सो नखुलेका | २७००० |
| ३८क ०७६/२/१ | बिद्यालयको छात्राहरुलाई सेनेटी प्याड खरिद | आदित्य ई जनकपुरकोखरिद बिल मात्र सँलग्न कुन बिद्यालय तथा बिद्यार्थीलाई दिईयो नखुलेको | २७००४७ |
| ३८ख०७६/२/२१ | बिद्यालयको छात्राहरुलाई सेनेटी प्याड खरिद | गणेश स्टेशनरी सर्लाहीको खरिद बिल मात्र सँलग्न कुन बिद्यालय तथा बिद्यार्थीलाई दिईयो नखुलेको | २२६००० |
| ४१क ०७६/२/२१ | पशु औषधि खरिद | राजा मेडिकल हलेका बिल मात्र सँलग्न ५१४ प्रकारका औषधिको खपतको परिमाण तथा प्रयोजन नखुलेको | ४९८९९४ |
| ९००-०७६/३/२७ | पशु औषधि खरिद | मैनाली भेट फर्माको बिल मात्र सँलग्न ४४ प्रकारका औषधिको खपतको परिमाण तथा प्रयोजन नखुलेको | ३००००० |
| ४२-०७६/२/१० | किशोरी रायको घरदेखी राजकिशोर शाहको घरसम्म सडक ढलान | रु १५२४३७२ कार्यसम्पन्न प्रतिबेदन सँलग्न गरि भुक्तानी गरेकोमा १४४०७४३ को मात्र बिल भरपाई पेश भएकोले अपुग बिल भरपाई पेश गर्नुपर्नै रु | ८३६२९ |
| ४६-०७६/२/१० | कबिलासी टोल हुँदै सडक मर्मत बडा नं ४ | रु १५५७१४७ कार्यसम्पन्न प्रतिबेदन सँलग्न गरि भुक्तानी गरेकोमा ११५६०३५ को मात्र बिल भरपाई पेश भएकोले अपुग बिल भरपाई पेश गर्नुपर्नै रु | ४०१११२ |
| ४९-०७५/३/२० | झरि चौधरीको घर हुँदै मन्सरी चोक तिर पि.सि सि ढलान | लागत अनुमान र मुल्याकन नभएको | १४३८०५३.८२ |
| ५१-०७६/३/२० | रामसारोगथको घर हुँदै मन्सरी चोकसम्म ढलान | लागत अनुमान र मुल्याकन नभएको | ९२७२६१४ |
| ९७-०७५/३/२५ | गौरब एग्रो कन्सर्नबाट पम्पसेट खरिद | १० थान खरिद गरेकोमा सो को सदुपयोगको प्रमाण पेश हुनपर्ने | ४९५००० |
| १-०७५/७/१२ | औषधि खरिद | सुनिता मेडिसिनबाट औषधि खरिदबापत भुक्तानी गरेकोमा सम्बन्धीत स्वास्थ्य सँस्थालाई ह.फा नभएको | ४९९२०० |
| २-०७५/८/१० | औषधि खरिद | निशा फार्मेसि मलँगबाटाबा औषधि खरिदबापत भुक्तानी गरेकोमा सम्बन्धीत स्वास्थ्य सँस्थालाई ह.फा नभएको | ४९९१७१ |
| ६क ०७५/१०/२७ | आयुर्बेदीक औषधि खरिद | सुस्मा आयुर्बेदिक सप्लायर्सबाट औषधि खरिदबापत भुक्तानी गरेकोमा उपयोगको प्रमाण सँलग्न नभएको | ५००००० |
| | | प्रकृति आयुर्बेदिक सप्लायर्सबाट औषधि खरिदबापत भुक्तानी गरेकोमा उपयोगको प्रमाण सँलग्न नभएको | ५००००० |
| १००-०७६/३/२५ | स्वास्थ कार्यालयमा ग्रील भुक्तानी | लागत अनुमान मुल्याक्न सँलग्न छैन | ३४९९२ |
| | | जम्मा | १,५४,६३,२९०/८२ |

| | | |
|---|---|---|
| ५२. | **ह्याण्ड पाइप जडानः-** गाँउपालिकाले यसबर्ष बडा नं ४,५ र ६ को लागी ह्याण्ड पाईप जडान बापत रु १०१७८२२।७५ को लागत अनुमानमा १०१७८२२ को कार्यसम्पन्न प्रतिबेदन सँलग्न गरि ८७३०००।- भुक्तानी गरेको छ । यसरी ह्याण्ड पाईप जडानको लागत अनुमान तयार गर्दा ground water level परिक्षण तथा लाभग्राहीको आधार छनौट गरेको देखिएन । पानीको सहत चेकजाँच गरेर मात्र पुर्बानुमान गरि योजना छनौट तथा कार्यान्वयन साथै सो को रितपुर्बक सँचालन भएको हो होईन अनुगमन हुनुपर्दछ । | |
| ५३. | **श्रोतसाधनको सदुपयोगः-** ४१।०७६।२।१० आर्थिक कार्यबिधि नियमावली तथा सार्बजनिक खरिद | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>नियमाबली बमोजिम खर्च गरेको श्रोतसाधनको सदुपयोग हुनेगरि प्रयोग गर्नुपर्दछ । गाँउपालिकाले कार्यलय र बडाको लागी ईन्टरनेट जडान प्रयोजन उल्लेख गरि हाईबे टेक ईन्टीच्युट हरिबन सर्लाहिलाई मेसिनबापत रु ४७४६००- भुक्तानी गरेकोमा गाँउपालिकाको स्थलगत अनुगनका कमम मेसिन संचालन भएको पाईएन । श्रोत साधनको बिनियोजन र खर्च पश्चात खर्चको उपादेता पुष्टि भयो भएन गाँउपालिकाले बिष्लेषण गर्नुपर्दछ साथै मेसिनरी सामानको प्रयोग व्यबस्थीत रुपमा प्रयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४.</td><td>डि.पी.आर रिपोर्टः- गाँउपालिकाले बडा नं ५ र ६ मा खानेपानी बितरण प्रोजेक्ट, सातबिउला मन्दिर निर्माण तथा २५ बेडको बर्थिङ सेन्टर को लागी उल्लेख गरि डि.पी.आर तयारी तथा खर्च लेखको छ । भ्याट बाहेक पारिश्रमिकमा रु ८६३७५०।-, सोधभर्ना खर्च रु ६२५०००।- र बिबिध बापत रु २७८०००।- को समेत रु १७६६७५०।- को लागत अनुमान तयार गरेकोमा बोलपत्र मुल्याँकन समितिको निर्णयले आर्या ईन्जिनियरिङ ललितपुर को रु १७६९७५०।- को कबोल अँक स्बिकृत गरि छनौट तथा भुक्तानी गरको छ । उक्त प्रतिबेदन मिति २०७५।३।२५ मा प्राप्त भएकोमा सो अनुसार कार्यालयले आफ्नो योजना निर्माण तथा कार्यक्रम सँचालनमा उक्त प्रतिबेदनको आधार लिएको छैन । स्बिकृत कार्यक्रममा परामर्श सेवामा एकमुष्ट बजेट छुट्याएको तथा योजना कार्यक्रम पछि मात्र निर्धारण गरि खर्च लेखेको नियमसम्मत देखिएन । श्रोतसाधनको खर्च पश्चात सो को उपयोग नभईरहेको अबस्था देखिएकोले उपयोग गरि निती कार्यक्रम तथा योजना बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>उपभोक्ताबाट जटिल निर्माण कार्यः-सार्बजनिक खरिद नियमालबी २०६४ को नियम ९७(६)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन नसकिने व्यबस्था छ । गाँउपालीकाले बिभिन्न निर्माण कार्यमा जटिल प्रकृति तथा बृहद बिष्लेषण गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएको छ । तसर्थ यस्तो जटिल कार्य उपभोक्ता समितिबाट नगराई निर्माण स्थलको प्राबिधिक परिक्षण समेत गरि दिगो रुपमा उपयोग हुने गरि निर्माण गराउनुपर्ने देखिएको रु
<table>
<tr><th>भौ.नं मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१५-०७५/११/२६</td><td>सेक्टर बाँध निर्माण तथा कुला मर्मत</td><td>२७१४०५७</td><td>२४२५०००</td><td>श्रमद्रानमुलक कार्य गर्नुपर्नेमा बृहद रुपमा डोजर प्रयोग गरि कार्य गरिएको तथा डोजर प्रयोगको लागी प्राबिधिक सिफारीस सँलग्न नभएको</td></tr>
<tr><td>७४-०७५/३/२७</td><td>गाँउपालिका र बडाहरुमा सोलार जडान</td><td>२५५६०५२</td><td>१६२७९५०</td><td>उपभोक्ता समितिबाट कार्य गराईएकोमा आर.एस सप्लायर्सको सोलार खरिद बिल सँलग्न तर सो को जडान सहितको कार्यसम्पन्न प्रतिबेदन पेश हुन नआएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४०५२९५०</td><td></td></tr>
</table></td><td>४०५२९५०</td></tr>
<tr><td>५६.</td><td>मूल्य अभिवृद्धि कर : मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को नियम ६ग. र आन्तरीक राजस्व बिभाग द्धारा प्रकासित सुचनामा मिति २०७६।२।१५ पछिको मूल्य अभिवृद्धि कर भुक्तानीमा सो रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भुक्तानी दिनुपर्ने व्यबस्था छ। गाँउपालिकाले देहायबमोजिम निर्माण व्यवसायीले पेश गरेको विल विजक अनुसार भुक्तानी दिँदा मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशत रकम राजस्व शिर्षकमा दाखिला गरेको देखिएन । अतः नियमावलीको व्यवस्था अनुसार पचास प्रतिशतले हुने रकम राजस्व शिर्षक-३३११४ मा दाखिला गर्नुपर्ने देखिएको रु..</td><td>१,८७,०१९/-</td></tr>
<tr><td></td><td><table>
<tr><th>गो.भौ.नं/मिति</th><th>निर्माण व्यवसायी । सम्झौता गर्ने पक्ष</th><th>विजक रकम ( मू.अ.करसहित) रु.</th><th>मूल्य अभिवृद्धि कर रकम रु.</th><th>५० प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रकम रु.</th></tr>
<tr><td>९१-०७६/३/२५</td><td>आर्या ईन्जीनियरिङ ललितपुर</td><td>१७६६७५०</td><td>२३००६७.५</td><td>११५०३३</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td><table><tr><td>८९-०७६/३/२५</td><td>कृष्ण कन्सटक्सन</td><td>११०७४८३</td><td>१४३९७२</td><td>७१९८६</td></tr><tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१८७०१९/-</td></tr></table></td><td></td></tr>
<tr><td></td><td>शर्शत शिक्षातर्फ</td><td></td></tr>
<tr><td>५७.</td><td>शिक्षकको तलब खर्च – बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका २०७५।०७६ को खण्ड १ मा उल्लेख भए अनुसार शिक्षक तलब भत्ता सम्बन्धी जानकारी मा आधारभुत तथा माध्यमिक शिक्षकका लागी तलब भत्ताको व्यबस्थापन सम्बन्धमा उल्लेख छ । जसअनुसार स्रोतव्यक्तिको सिफारीस अनुसार स्थानिय तहले सम्बन्धीत बिद्यालयको बैक खातामा मासिक रुपमा तलब भत्ता बापतको रकम निकासा दिनुपर्ने छ साथै स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी  एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार बिद्यालयबाट प्राप्त माग फारम रुजु गरि निकासा गर्नुपर्नै व्यबस्था मिलाउनुपर्ने, शिक्षकको तलबी प्रतिबेदन साबिक अनुसार नै बिद्यालय शिक्षक किताबखाना बाट पारित गरी प्राप्त तलबी प्रतिबेदनका आधरमा मात्र निकाशा दिनुपर्ने उल्लेख छ।<br>गाँउपालीकाले आधारभुत तर्फ तथा माध्य्मिक तहका बिद्यालयहरुतर्फ शिक्षकहरुको लागी रु १,८२,७६,६९६।- तलबभत्ता बापत बिद्यालयको नाममा बिबरण सँलग्न गरि खर्च लेखेको छ । चेकमार्फत खर्च लेख्दा सम्बन्धीत बिद्यालयको नाममा बैक आदेश सँलग्न गरिएको छैन । नियमानुसार शिक्षक किताबखानाबाट तलबी प्रतिबेदन पारित नगरि तलबभक्ता खर्च लेखिएकोले तलब तथा ग्रेड रकम बारे यकिन गर्न सकिएन । साथै शिक्षकहरुको सरुवा बढुवा तथा अबकासको अभिलेख तथा राहत , अस्थाई निजी श्रोत लगायतका बिबरण स्पष्ट हुने गरि शिक्षकहरुको अभिलेख व्यबस्थीत गरेको छैन । जसबाट वास्तबिक सँख्यामा मात्र भुक्तानी भयो भनि बिश्वस्त हुनसक्ने आधार हुन आएन ।  साथै छुट मागफारम समाबेश गरि पटक पटक निकाशा दिएको देखियो । अबस्थीत बिद्यालय सँख्या,दरबन्दी अनुसारको बिबरण, सरुवा बढुवा तथा अबकासको अभिलेख स्पष्ट रुपमा सँलग्न गरेर मात्र तलब  निकासा दिनुपर्दछ । यस बिषयमा कैफियत देखिएमा सम्बन्धीत शिक्षा सँयोजक तथा श्रोतव्यक्तिलाई जिम्मेबार बनाईनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>बाल शिक्षा शिक्षीकाहरुको पारिश्रमिक- बिद्यालय क्षेत्र बिकास कार्यक्रम ( क्षेत्र, जिल्ला, स्थानिय तह ) लगायत आ.ब २०७५।०७६ मा सँचालन हुने कार्यक्रमहरु सम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ को बुदा  नं २.१५.११ ( मा बिद्यालय र बिद्यालय सँग मातृ सम्बन्ध स्थापना गरि सँचालनमा रहेका प्रारम्भिक वाल बिकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको लागी प्रति महिना रु ६००० का दरले पारिश्रमिक व्यबस्था  छ जसको  बुदा नं (क) अनुसार सहयोगिको  बिद्यालयले सहयोगी कर्मचारीको प्रमाणीत हाजिरी बिबरण सहित सिफारीस गर्नुपर्ने  तथा बुदा नं (ग) मा उक्त कार्यकर्ताको लागी निकासा दिँदा सम्बन्धित सँस्थाले  शैक्षिक तथ्याँक २०७५ भरि प्रमाणीत भएको यकिन गरेर सम्बन्धित श्रोतव्यक्री तथा बिद्यालय निरीक्षकबाट रुजु गराई निकासा दिने र बाल शिक्षा कक्षाहरुको बिबरण अद्याबधिक गर्न लगाई सो को बिबरण जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराउने व्यबस्था रहेको छ । गाँउपालीकाले  उक्त विवरणहरु सँलग्न नगरि यस कार्यक्रम अन्तर्गत शिक्षा केन्दको लागी उल्लेख  ६ बटा बालबिकास केन्द्रको लागी  रु ५ लाख ४६ हजार पारिश्रमिक खर्च लेखेको छ। आफ्नो क्षेत्रअन्तर्गतको बालबिकास केन्द्रहरुको यकिन गरि गाँउपालिकाले अभिलेख अद्याबधिक गरि निर्देशिकाअनुरुप  प्रगति प्रतिबदेन , हाजीरि विवरण सँलग्न गरि मात्र खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५९.</td><td>ईनरोल्मेन्ट(फ्यास) रिपोर्ट तथा  बिद्यार्थी सँख्या शिक्षा मन्त्रालयबाट स्वीकृत (मिति २०७५।०५।१२ अनुसार) बिद्यालय क्षेत्र बिकास कार्यक्रम -क्षेत्र  , जिल्ला स्थानिय तह लगायत आ.ब २०७५ ।०७६ मा समाबेश हुने शशर्त अनुदान रकम निकासा दिँदा शैक्षित तथ्याँक  (Flash Report) र बिद्यालय सुधार आयोजनालाई समेत आधार लिने उल्लेख छ । खण्ड १ कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन बुँदा नं  २ मा स्थानिय तहले शिक्षा क्षेत्रको लागी प्राप्त अनुदान रकम बिद्यालयलाई निकाशा दिँदा शिक्षा बिकास तथा समन्वय ईकाईबाट यकिन गरिएको शैक्षिक तथ्याँक (Flash</td><td>४२,३५,०२४/५७</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| --- | --- | --- |
| | report) का आधारमाा निकाशा दिने र शिक्षा समन्बय ईकाईले समयमै शैक्षिक तथ्याँक स्थानिय तहलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । बुँदा नं १२ मा प्रदेश तथा स्थानिय तहमा हुने कार्यक्रमको अनुगमनको दायित्व प्रदेश तथा स्थानिय तहको नै हुने व्यवस्था छ । कार्यक्रम पुस्तिकाको क्रियाकलाप नं २.१५.११.७७२ मा बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको छात्रबृत्ति दोहोरो नपर्ने गरि एक शैक्षिक क्षेत्रमा १ जनाको लागी १ पटक मात्र छात्रबृती बितरण गराउने उल्लेख छ । गाँउपालीकाले बिद्यार्थीहरुलाई पाष्ठयपुस्तक,बुकर्नर तथा तथा छात्रबृत्ति उपलब्ध गराएकोमा कक्षागत रुपमा सम्बन्धीत पक्षहरुले प्रमाणीत गरेको बिद्यार्थी बिबरण पेश हुन आएन । यस सम्बन्धमा छलफल गर्दा शिक्षा बिकास तथा समन्बय ईकाईबाट शैक्षिक तथ्याँक प्राप्त नभएको गाँउपालिकाले जनाएको छ । गाँउपालिकाले अनुदान रकम बितरणमा थप अनुगमन तथा यकिन समेत गरेको पाईएन । कक्षागत रुपमा पाठ्यपुस्तकको तथा छात्रबृत्ती र नन सेलरी रकम फरक पर्ने भएकोले कक्षागत रुपमा बिद्यार्थी बिबरण सम्बन्धमा यकिन गरि निम्न खर्चहरुमा गाँउपालीकाले प्रष्ट पार्नुपर्ने देखिएको रु | |

| भौन.मिति | व्यहोरा | रकम रु |
| --- | --- | --- |
| ६-०७५/१/३ | ८ बिद्यालयमा पाष्यपुस्तक खर्च | १३९५५३४.५७ |
| ६क.०७६/३/९ | दिबा खाजा कार्यक्रम | १५०५७५० |
| ९-०७६/३/३० | बुक कर्नर | ५१५१४० |
| ९-०७६/३/३० | छात्रबृत्ति | ७७४९०० |
| ९-०७६/३/३० | बिद्यार्थी नयाँ भर्ना | ४३७०० |
| | जम्मा | ४२३५०२४.५७ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| --- | --- | --- |
| ६०. | **प्रोत्साहन भत्ता खर्च :-** ९।०७६।३।३० श्रोतव्यक्ति प्रमोद कुमार मण्डललाई प्रोत्साहन भक्ता बापत शशर्त शिर्षकबाट खाईपाई आएको तलबको ४० प्रतिशत रु ४,०२,६१४।२० मा कर कटाई रु १,३८,६८८/०८ भुक्तानी गरेकोले कर कट्टि गरी भुक्तानी गरेका भुक्तानीको आधार नभएकोले असुल गर्नुपर्ने रु | १,३८,६८८/०८ |
| | **बित्तिय समानिकरण चालु तर्फ :** | |
| ६१. | **तलवी प्रतिवेदन** :निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) वमोजिम तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष तलवी प्रतिवेदन पारीत नगरी वित्तिय राजश्व बाँडफाड तथा शशर्त चालु खर्च शिर्षकवाट तलव.खर्च लेखेको छ । तलवी प्रतिवेदन पारीत नभएकोले भुक्तानी हुनुपर्ने वास्तविक ग्रेड रकम यकिन गर्न सकिएन । गाउपालीकाले तलवी प्रतिवेदन पारित गरी तलव भुक्तानी गर्नु पर्दछ । | |
| ६२. | **तालिम, अन्तरक्रिया, गोष्ठी संचालन :** गाउँपालिकाले स्वास्थ्य, कृषि, पशु लगायत महिला बालबालिका तर्फको समेत क्षमता विकास, लगायत विभिन्न शिर्षकबाट विभिन्न प्रकारका तालिम, गोष्ठी सेमिनार लगायत कार्यक्रम संचालन गर्नका लागि कुनै नर्म्सको आधार नलिई वजेट अनुसार खर्चको बाँडफाड गरी लागत अनुमान तयार गर्ने र लागत अनुमानलाई नै नर्म्समानि खर्च लेख्ने, अनुगमन गर्नु नपर्ने कार्यक्रममा समेत अनुगमन शिर्षक खडा गरी प्रमुख प्रशासकिय अधिकृत, प्रशासन, लेखा लगायत अनाबस्यक कर्मचारीलाई समेत कार्यक्रममा सहभागी गराई तालिम व्यवभार बढाउने, खर्चको तेरिजलाई प्रतिवेदन मानी प्रतिवेदन लेखन खर्च लिने, कार्यालयका कर्मचारीमात्र संलग्न कार्यक्रममा समेत भत्ता लिनेगरी कार्यक्रम संचालन गरेको देखियो । यस समबन्धमा देखिएका थप व्यहोरा निम्न छन् : | |
| ६३. | **कार्य संचालन नर्म्स :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट गरिने तालिम, सेमिनार, गोष्ठी आदि कार्यक्रम संचालन गर्नुपर्दा सो कार्यको कार्यक्रम तथा अर्थ मन्त्रालयको नर्म्सलाई आधार लिई नर्म्स स्वीकृत गर्नुपर्नेमा कुपोषण व्यवस्थापन तालिम, बहुक्षेत्रीय पोषण शिक्षा, पोषण अभिमूखिकरण गोष्ठी, सामाग्री वितरण, विभिन्न प्रकारका तालिम लगायत कार्यक्रममा उपलब्ध वजेट खर्च हुनेगरी आफुखुशी कार्यक्रमको ढाँचा र लागत तयार गरी सोही आधारमा खर्च गरेको देखिन्छ । बजेट रकमले खाम्ने गरी खर्च योजना तयार गरी संचालन | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | भएको कार्यक्रमबाट लक्षित उद्धेश्य प्राप्त हुने अवस्था नदेखिएकोले कृयाकलापहरु अनुसारको नर्म्स स्वीकृतगरी सो आधारमा खर्च गर्नुपर्दछ । | |
| ६४. | **आश्यकता पहिचान :** आवश्यकताका आधारमा तालिम दिनुपर्नेमा गाँउपालिकाबाट संचालित उल्लेखित विभिन्न तालिमहरुकालाीग सहभागि पहिचान र छनौट गर्ने आधार स्पष्ट देखिएन लक्षित समुहबाट तालिम आवश्यकता पहिचान गरी तालिमका लागि खुल्ला सूचना आव्हान गरी तालिम सहभागी पहिचान तथा छनौट गर्नुपर्नेमा तोकिएको स्थानमा तालिम संचालन गर्न वडाबाट तोकिएको व्यक्ति तथा समुहलाई सिफारिस गरेको आधारमा तालिममा सहभागि गराई तालिम संचालन गर्ने गरेको छ । यसबाट वास्तविक तालिम आवश्यकताा भएका व्यक्तिलाई तालिम उपलव्ध गराइको भन्न सक्ने आधार समेत देखिएन । तालिमबाट प्राप्त सीप एवं दक्षताको उपयोग भए नभएको सम्बन्धमा समन्वय, निगरानी र  सहकार्य गरी तालिमको उपयोग गर्नुपर्दछ । | |
| ६५. | **भ्रमण अभिलेख एवं प्रतिबेदन:** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले  अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यस्थीत राखेको छैन । यसबर्ष अुनगमन तथा मुल्याङ्कन शिर्षकमा तथा भ्रमण खर्चमा खर्च लेखेको छ ।  एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो  भनि मुल्याङ्कन गर्न सक्ने  आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |
| ६६. | **औषधी खरिद तथा व्यवस्थापन :** सार्वजनिक निकायले खरिद कार्य प्रतिश्पर्धी र मितव्ययी हुनगरी खरिद गर्नुपर्दछ । गाँउपालिकाले यस वर्ष एकिकृत स्वास्थ्य शसर्त अनुदानबाट प्राप्त रु.५ लाख ४ हजार र समानिकरण अनुदानबाट रु. ३ लाख  ५० हजार गरी रु. ८ लाख ५४ हजार तथा दैवि प्रकोप तर्फ २ लाख गरी जम्मा रु १० लाख ५४ हजारको निशुल्क वितरण गर्ने औषधीहरु खरिद गरेको छ । स्वास्थ्य संस्थाहरुमा रहेको मौज्दात तथा खपतका आधारमा औषधीका माग संकलन गरी औषधीको नाम तथा परिमाण खुलाई तीनवटा फर्मबाट मूल्य लिई सो मूल्यको औषत दरमा गतविगतको खरिद समेतलाई आधारलिई औषधीको परिमाण तथा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद कार्य गर्नुपर्नेमा तीववटा फर्मबाट दर माग गरी न्यूनदर पेश गर्नेबाट औषधी खरिद गरेका देखियो । आइरन, क्याल्सियम जस्ता बिभागबाट प्राप्त हुने सामान्य प्रृकतिका औषधी समेत खरिद गरी बितरण गरेको छ । सबै वडामा स्वास्थ्य चौकी नभएका कारण औषधीको बास्तविक परिमाण एकिन गर्न कठिनाई भइरहेको संयोजकबाट जानकारी हुन आएता पनि खरिद कार्यलाई यथार्थ, प्रभावकारी एवं मितव्ययी बनाई प्रतिश्पर्धाको माध्यम अपनाई खरिद गर्नु पर्दछ ।<br>गाउँपालिकाले हस्तान्तरण भएका औषधी र स्वास्थ्य चौकिको वितरण कक्षबाट खपत भएको औषधी भेरिफिकेशन गर्ने पद्धती अवलम्बन गरेको छैन ।  उक्त औषधिहरुको वितरण प्रक्रिया प्रभावकारी भए नभएको, औषधीको पर्याप्तता अवस्था, औषधीको पहुँच एवं पारदर्शिता सम्बन्धमा गाँउपालिकाले ध्यान पुग्न सकेको देखिएन । गत वर्षको मौज्दात, आम्दानी, खर्च तथा म्याद समाप्त भएका औषधीहरुको विवरण समेत तयार गर्ने गरेको छैन । प्रतिश्पर्धाका माध्यमबाट औषधी खरिद गरी वितरण प्रणालीमा सुधार गर्नुपर्दछ । | |
